# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड २] काठमाडौं भाद्र २४ गते २००१ साल [संख्या ५

## भाग १

### २००१ साल भाद्र १ गते रोज का दिन लालमोहर भएको

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति सर्वोच्च कम्या-ण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन बीरविक्रम जङ्ग बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समर विजयीनाम् ।

## विशेष परिस्थिति अधिकार ऐन २००१

### प्रस्तावना

मन्त्रिमण्डलले राजीनामा पेश गरेकोले तथा अहिलेको परिस्थितिमा मेल-जोल कायम राखी जनताको कल्याणको निमित्त राम्ररी काम चलाउन सक्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रिमण्डलको निर्माणको सम्भावना नभएकोले श्री ५ महाराजाधिराजबाट मिति २००९ श्रावण ३० गते रोज ५ मा बक्सेको शाही घोषणामा मुलुकको शासनको काम केही परामर्शदाताहरुको मद्दतले चलाउने मौसूफको इच्छा तथा संकल्प प्रकट गरिबक्सेकोले ।

र मुलुकको गम्भीर एवं नाजुक परिस्थितिमा शासन व्यवस्थामा कुनै किसिमको ढिलाई वा खुकुलोपना हुन नपाओस् भन्ने अभिप्रायले तुरुन्तै व्यवस्था मिलाउनु पर्ने नितान्त आवश्यक भएकोले ।

श्री ५ महाराजाधिराजबाट शाही परामर्शदाताहरुका राय अनुसार यो ऐन जारी गरिबक्सेको छ ।

( १ ) यो ऐनको नाम विशेष परिस्थिति अधिकार ऐन २००९ रहनेछ।

( २ ) यो ऐन २००९ साल श्रावण ३० गतेदेखि लागू हुनेछ ।

( ३ ) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

( २ ) मेलमिलाप कायम राखी एक प्रकारले स्थिररहन सक्ने तथा कार्यशील एवं प्रभावशाली रही जनताको विश्वास र सद्भावना हासिल गरी जनताको आवश्यकतालाई पूर्ति गर्न सक्ने मन्त्रिमण्डलको सहयोग र सहायता श्री ५ महाराजाधिराजलाई प्राप्त नभएसम्मलाई यो ऐन लागू रहनेछ ।

( ३ ) यो ऐनमा प्रयोग गरिएका सबै शब्द तथा वाक्यांसको अर्थ नेपाल अन्तरिम शासन विधान २००७ मा भए अनुसार हुनेछ ।

( ४ ) नेपाल अन्तरिम शासन विधान २००७ को भाग ३ को परिच्छेद १ र २ स्थगित राखिएको छ ।

(५ ) ( १ ) राज्यको कार्यकारिणी अधिकार श्री ५ महाराजाधिराजमा सुम्पिएकोछ । उक्त अधिकारको प्रयोग मौसूफले स्वयं वा मौसूफबाट यस प्रयो-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनका निमित्त बनाई बक्सिने नियमानुसार मौसूफको मातहतका कर्मचारीहरूद्वारा गरिबक्सिनेछ ।

(२) मौसूफका मद्दतको निमित्त मौसूफबाट केही परामर्शदाताहरू तथा केही सलाहकारहरू वा दुवै नियुक्ति गरिबक्सिनेछ ।

(३) परामर्शदाता तथा सल्लाहकारहरूको काम कर्तव्य बखत बखतमा श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सने आज्ञामा वर्णन गरिनेछ ।

(४) नेपाल अन्तरिम शासन विधान २००७ मा वा अरू सबै ऐन सवाल नियमहरू आदिमा मन्त्रीको सल्लाह अथवा मन्त्रिमन्डलको सल्लाह अनुसार श्री ५ महाराजाधिराजबाट गरिबक्सिने भनी लेखिएका सबै ठाउँको अर्थ श्री ५ महाराजाधिराजबाट गरिबक्सिने भन्ने हुनेछ ।

(६) (१) जुनसुकै समयमा पनि श्री ५ महाराजाधिराजबाट परिस्थिति अनुसार जुन किसिमको ऐन सवाल वा अर्डिनेन्स जारी गर्नु पर्ने अवस्था आइपर्‍यो भने श्री ५ महाराजाधिराजबाट सम्झि बक्सिने छ । सोही मुताविकको ऐन सवाल वा अर्डिनेन्स जारी गर्न सकिबक्सिने छ ।

(२) यस दफा ६ अनुसार जारी भएको ऐन मुलुकमा जारी भएको अरू ऐन सरह हुनेछ ।

(३) यस दफा ६ अनुसार जारी भएको अर्डिनेन्स पनि मुलुकमा जारी भएको अरू ऐन सरह हुनेछ तर यस्ता हरेक अर्डिनेन्स ।

(क यो ऐनको साथसाथै अन्त्य हुनेछ ।

(ख) श्री ५ महाराजाधिराजबाट उक्त अर्डिनेन्स जुनसुकै बखतमा पनि खारेज हुन सक्तछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यो ऐनको प्रयोजन राम्ररी चलाउनालाई श्री ५ महाराजाधिराजबाट सवाल नियमहरू बनाउन सक्तिबक्सने छ ।

(८) यो ऐनको दफा दफासंग मेल नखाने वा बाझिने नेपाल अन्तरिम शासन विधान २००७ वा मुलुकको अरू जुनसुकै ऐन सवाल नियम आदिहरूमा भएका त्यस्ता मेल नखाने वा बाझिने दफा दफा यो ऐन लागू भएसम्मलाई स्थगित हुनेछ ।

---

२०६ साल भाद्र १ गते रोज का दिन लालमोहर लागेको छ ।

---

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।